**National Co-operative Federation of Nepal Ltd.**
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

**राष्ट्रिय सहकारी महासंघ लि. नेपाल**
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

च.नं १६८/०७६/०७७

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

मिति : २०७६/०७/२०

**विषय: तालिम कार्यक्रमहरुमा सहभागिता सम्बन्धमा ।**

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको नीतिगत, संस्थागत तथा व्यवस्थापकिय क्षमता अभिबृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा सर्वबिदितै छ ।

यसै सन्दर्भमा सहकारी संघ/संस्थाहरुको संचालक एंव कर्मचारीहरुको व्यवस्थापकिय र वित्तीय विश्लेषण गर्ने क्षमता अभिबृद्धि गरी प्रभावकारी कार्यसम्पादन तथा संस्थागत लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने उद्देश्यका साथ निम्न मिति, समय र स्थानमा अनुभवी विषयविज्ञहरुद्वारा सहजीकरण हुने तपसिलमा उल्लेखित तालिमहरूमा त्यस संघ/संस्थाबाट सहभागिताको लागि हार्दिक अनुरोध गर्दछौं ।

| क्र.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) |
|---|---|---|---|---|
| १ | पल्स वित्तीय अनुगमन प्रणाली तालिम | २०७६ मंसिर ११ र १२ | १०:०० - ३:४५ | रु ३०००।- |
| २ | संचालक क्षमता अभिबृद्धि तालिम | २०७६ मंसिर २४ र २५ | १०:०० - ३:४५ | रु ३०००।- |
| ३ | व्यवस्थापकको क्षमता अभिबृद्धि तालिम | २०७६ मंसिर २९ र ३० | १०:०० - ३:४५ | रु ३०००।- |

पुनश्च:

- उक्त तालिमहरु यस महासंघको तालिमहल पुल्चोक ललितपुरमा संचालन गरिने छ ।
- सहभागीहरुलाई स्टेशनरी, खाजा र प्रमाणपत्र उपलब्ध गराइने छ ।
- रजिष्ट्रेशन शुल्क बापतको रकम महासंघको कार्यालयमा नगदै जम्मा गर्न वा यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैंकको बानेश्वर शाखाको खाता नं. १३०००१४ र राष्ट्रिय बाणिज्य बैंकको पुल्चोक शाखाको खाता नं. ११४००००२६०६ मा जम्मा गरी बैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।
- पल्स वित्तीय अनुगमन प्रणाली तालिममा सहभागी हुन आउदा आफ्नो संघ/संस्थाको पछिल्लो दुई आर्थिक बर्षको वित्तीय विवरण र क्याल्कुलेटर ल्याउनुपर्ने छ ।

**बिस्तृत जानकारीका लागि**
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पुल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ५०१००३३, ९८४१३९६३२०,९८४१४५२१०१

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

National Co-operative Federation of Nepal Ltd.
Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu

राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
पुल्चोक, ललितपुर, नेपाल
पो.ब.नं. ११८५९, काठमाडौं

Tel: 977-1-5010116, 5010033
Fax: 977-1-5010075
E-mail: ncf@wlink.com.np
ncfcoop@gmail.com
Website: www.ncfnepal.com.np

च.नं १८३/०७६/०७७

मिति: २०७६/०७/२८

सम्पूर्ण सदस्य संघ तथा स्थानीय तह

**विषय: अध्ययन अवलोकन तथा तालिम कार्यक्रममा सहभागी मनोनयन गर्ने सम्वन्धमा ।**

विगत वर्षहरुझैं यस महासंको अनुरोधमा Indian Farmers Fertilizers Cooperatives Ltd. (IFFCO) द्धारा भारतको हरियाणामा तपशिलमा उल्लेखित विवरण अनुसारको तालिम कार्यक्रम आयोजना गर्ने व्यहोरा सहर्ष जानकारी गराउदै कार्यक्रममा सहभागिताका लागि त्यस संघ/संस्था/निकायवाट उपयुक्त सहभागी छनौट गरी संलग्न रजिष्ट्रेशन फारम भरी तोकिएको शुल्क राष्ट्रिय सहकारी महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैंक, बानेश्वर शाखाको खाता नं १३०००१४ मा दाखिला गरेको भौचर सहित तोकिएको मितिमा यस महासंघमा आईपुग्ने गरी पठाउन हुन अनुरोध छ ।

तालिमको प्रभावकारीता तथा उपयोगिता उच्च रहेको सन्दर्भलाई मध्यनजर गरी अधिक सहकारीकर्मीहरु कार्यक्रममा सहभागी हुन इच्छुक रहेको हुँदा सहभागी छनौट गर्दा पहिलो आउनेलाई पहिलो प्राथमिकता दिईने व्यहोरा जनकारी गराउन चाहन्छौं ।

| क्र.सं | कार्यक्रमको नाम | तालिम संचालन हुने मिति | रजिष्ट्रेशन गरिसक्नुपर्ने अन्तिम मिति | कार्यक्रम हुने स्थान | रजिष्ट्रेशन शुल्क | सहभागीलाई आयोजक वाट व्यवस्था हुने सुविधा |
|---|---|---|---|---|---|---|
| १. | Cooperative Governance Training for Nepalese Cooperators and Government Officials | २०७६ संसिर २२ देखी २५ गते सम्म तद्अनुरुप December 8-11, 2019 | २०७६ मंसिर ८ गते | एफ.एम.डि.आई, हरियाणा, भारत | ने.रु. ३०,०००।– | काठमाडौं. नयाँदिल्लि, काठमाडौं दुईतर्फि हवाई भाडा र कार्यक्रमस्थल हरियाणामा खाने वस्ने सुविधा |

कार्यक्रमस्थलमा जानआउनकोलागि हवाईजहाजको टिकट अग्रिम बुकिङ गर्नुपर्ने भएको हुँदा तोकिएकै मितिमा फारम र रजिष्ट्रेशन शुल्क एवं पासपोर्टको प्रतिलिपि अनिवार्य रुपमा वुझाउन अनुरोध छ । कथमकदाचित हवाईजहाजको भाडा वृद्धि हुन गएमा उल्लेखित रकमा थप हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

साथै, मनोनित व्यक्तिले कार्यक्रममा भाग लिन जान यथासम्भव राहदानी वा सक्कलै नागरिकता साथमा लिई आउनुपर्ने छ । सहभागी सुनिश्चितता तथा अन्य जानकारीको लागि महासंघका अन्तराष्ट्रिय सम्वन्ध तथा कार्यक्रम अधिकृत सुरेश थापालाई सम्पर्क गर्न हुन समेत अनुरोध छ ।

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा
महाप्रवन्धक

# राष्ट्रिय सहकारी महासंघ लि.

पुल्चोक, ललितपुर

# तालिम तथा अवलोकन भ्रमण कार्यक्रमको लागि सहभागी विवरण

पासपोट साईज फोटो टाँस गरी अर्को १ प्रति अटो साईज फोटो छुट्टै संलग्न गर्नु पर्ने

१) सहभागीको नाम थर

देवनागरीमा :

अंग्रेजीमा (ठूलो अक्षरमा) :

२) आवद्ध संघ/संस्था/निकायको नाम:

३) पद :  ४) जन्म मिति:

५) ठेगाना

६) टेलिफोन नं. (कोड नं. सहित) :  मोवाईल नं.

७) शैक्षिक योग्यता :

८) अंग्रेजी बोल्न र लेख्न जान्ने (कुनै एकमा चिन्ह (✓) लगाउनुहोस्)

उत्तम  राम्रो  साधारण

९) हिन्दी बोल्न जान्ने (कुनै एकमा चिन्ह चिन्ह (✓) लगाउनुहोस्)

उत्तम  राम्रो  साधारण

१०) सम्पर्क टेलिफोन नं.  मोवाईल नं.

११) रजिष्ट्रेशन शुल्क (नगद/बैंक/चेक)

१२) सम्पर्क गर्ने व्यक्तिको नाम:  ठेगाना:

१३) तालिमको नाम र मिति

**Cooperative Governance Training for Nepalese Cooperators and Government Officials**
**December 8-11, 2019** (२०७६ मंसिर २२ गतेदेखि २५ गतेसम्म)
**FMDI Gurgaon, India**

सहभागीको सहि:

सिफारिश गर्ने संघ/निकायको छाप

मिति:

सिफारिश गर्नेको

दस्तखत:

नाम:

पद:

कार्यालयको नाम:

ठेगाना:

*नोटः नागरिकता वा पासपोर्टको प्रतिलिपि र १/१ प्रति अटो र पासपोर्ट साईजको फोटो अनिवार्य संलग्न गर्नुपर्ने ।*